# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पकडी, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल।

पत्र संख्या.:०७७।७८
चलानी नं.:

मितिः२०७७।०४।२२

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति २०७७।०४।२२**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. ०७७।०७८, च.नं. PMEP/२३, मिति २०७७।०४।१२ को प्राप्त पत्रानुसार यस मायादेवी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागी आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| ०१-०७७।०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

क. सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको।

ख. **अनुभव र सीपः**- प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ।

- कम्तीमा ३ महिने तालिम लिई आधारभुत कम्प्यूटर सीप भएको
- पूर्वधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

ग. **उमेरः**- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

१. **दरखास्त दिने स्थानः**- मायादेवी गाउँपालिका गांउ कार्यपालिकाको कार्यालय, पकडी, कपिलवस्तु।

२. **दरखास्त दिने अन्तिम मितिः**- २०७७।०५।०४ गते।

३. **आवेदन दस्तुरः**- रु ७००/-

४. **छनौटको किसिमः**- प्राराम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परिक्षा

५. **आवेदन साथ संलग्न कागजातहरुः**- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

- नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि (दुवैपट्टि देखिने)
- न्युनतम योग्यताको लब्धांक प्रमाण-पत्रको प्रतिलिपि
- चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि
- नेपाल बाहिरा अध्यन्न गरेको खण्डमा समकक्षता प्रमाण-पत्र अनिवार्य पेश गर्नुपर्ने छ।
- न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र (उपलब्ध भएमा)
- अनुभव खुल्ने कागजात
- २ प्रति हालसालै खिचेको पासपोर्ट आकारको फोटो

६. **सेवा सुविधाः**- गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११) (१२) र (१३) बमोजिम हुनेछ।

७. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः**- गाउँपालिका प्राविधि सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ।

**नोटः**- आवेदन फारम, पाठ्यक्रम र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी यस गाउँपालिकाको वेवसाईट www.mayadevimunkapilvastu.gov.np बाट हेर्न वा डाउनलोड गर्न सकिन्छ।

.............................................
रामकृष्ण तेली
नि. प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत